समाचार
# एडीबी नेपालबाट

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

कार्त्तिक, २०६३

# एडीबीको सहयोगले ग्रामीण गरिब नेपालीलाई सडक सुविधा दिने



**सम्झौतामा हस्ताक्षर** नेपाल आवासीय नियोगका कायममुकायम प्रमुख की ही रियू र अर्थ सचिव विद्याधर मल्लिक ग्रामीण रोड कनेक्टीभीटी सेक्टर प्रोजेक्टका लागि अनुदान सम्झौतामा हस्ताक्षर गर्दै ।



**लाभान्वित** सुधारिएको सडकबाट ग्रामीण जनताले सुविधा पाउनेछन् ।

एसियाली विकास बैंक (एडीबी) ले ग्रामीण सडक विस्तार र पुनर्स्थापनमा सहयोग गर्न २०६३ भदौ २६ गते नेपाल सरकारसँग ५ करोड ५२ लाख अमेरिकी डलर बराबरको अनुदान सहायतासम्बन्धी सम्झौता गऱ्यो । यस रोड कनेक्टीभीटी सेक्टर प्रोजेक्टको उद्देश्य नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने गरिब जनतालाई बजार, स्वास्थ्य र शैक्षिक केन्द्रहरूसम्म पहुँच उपलब्ध गराउनु हो ।

नेपाल आवासीय नियोगका कायममुकायम प्रमुख की ही रियू र अर्थ सचिव विद्याधर मल्लिकले सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो । एडीबीले नेपालमा सञ्चालित लगानी आयोजनालाई अनुदान सहायता प्रदान गरेको पहिलोपटक हो ।

यो रकम एडीबीको सहुलियतपूर्ण एसियाली विकास कोषबाट प्राप्त हुनेछ । सन् २००६ मा कुल सहायता कार्यक्रमको ५० प्रतिशतसम्म अनुदानमा लगानी गर्न नेपाललाई योग्य ठानिएको छ ।

यस आयोजनाले झन्डै ४ सय ९० किलोमिटर कुल लम्बाई भएका करिब १० वटा ग्रामीण सडकको निर्माण र सुधारमा लगानी गर्नेछ । यसले हाल सडक नपुगेका तीन जिल्ला सदरमुकाममा सडक निर्माण गर्नुका साथै देशका ७५ जिल्लामध्ये १७ वटा जिल्लाको सडक सुधार गर्नेछ ।

*क्रमशः दोस्रो पेजमा*

## यस अंकमा...

- दक्षिण एसियाका लागि अष्ट्रेलियाद्वारा अनुदान कोषको स्थापना २
- नेपालद्वारा आईसीटी विकास आयोजना सुरु ३
- नेपालद्वारा कार्यक्रम कार्य-सम्पादनको समीक्षा ३
- आयरल्यान्ड : एडीबीको ६६ औं सदस्य ३
- नियोगका कर्मचारीको समाचार ३
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ४

*यस प्रकाशनमा उल्लेखित डलरले अमेरिकी डलरलाई जनाउँछ ।*

# एडीबीको सहयोगले ग्रामीण गरिब नेपालीलाई सडक सुविधा दिने

क्रमशः पहिलो पेजबाट



बजारमा पहुँच दुर्गम क्षेत्रमा ग्रामीण सडक प्रणालीको विस्तार र पुनर्स्थापनले स्थानीय बासिन्दालाई बजारसम्म पहुँच बढाउनेछ ।

(इन्सेट) खराब सडक र गाह्रो भौगोलिक संरचनाले सामान ढुवानीमा थप समस्या पैदा गर्छ ।

खराब सडक देशको विकासमा एक प्रमुख अवरोध रहेको छ । ग्रामीण सडक पर्याप्त नहुनुले दुर्गम ग्रामीण क्षेत्र, खासगरी उत्तरी पहाडी क्षेत्रका धेरैजसो गाउँलाई सम्पर्कविहीन बनाएर सुविधाको पहुँचबाट वञ्चित तुल्याएको छ ।

'दुर्गम क्षेत्रमा सडक प्रणालीको विस्तार र पुनर्स्थापनले त्यहाँका बासिन्दालाई प्रमुख शहर र जिल्ला सदरमुकामसम्म जोडेर बजार, रोजगारका अवसर तथा स्वास्थ्य र शैक्षिक सेवा केन्द्रसम्म पहुँच उपलब्ध गराउनेछ', एडीबीको दक्षिण एसिया विभागका कार्यक्रम व्यवस्थापन विशेषज्ञ नियानशान झाङले भन्नुभयो ।

यस आयोजनाले महिला बेचबिखनविरोधी कार्यक्रममार्फत् एचआईभी/एड्स रोग फैलनबाट रोक्न मद्दत गर्ने जानकारी उहाँले दिनुभयो । 'सडक निर्माणमा संलग्न कामदार, सवारी चालक, महिला यौनकर्मी, विदेशबाट फर्किएका व्यक्ति र सडक छेउछाउ बसोबास गर्ने समुदायमा एचआईभी/एड्स बढी प्रचलित भएकाले आयोजनाले यस्ता समूहका लागि विशेष कार्यक्रम सञ्चालन गर्नेछ र एचआईभी रोकथाम केन्द्रको सुविधा पनि विस्तार गर्नेछ', झाङले भन्नुभयो ।

सडक विभागका अधिकारी र स्थानीय निकायका कर्मचारीलाई सडक सम्भाव्यता अध्ययनको तालिम प्रदान गर्न ३ लाख डलरको प्राविधिक सहायता अनुदान पनि आयोजनामा समावेश छ । यसले स्थानीय निर्माण क्षमता तथा सडक निर्माण र करार व्यवस्थापनमा परामर्श सेवा उद्योगलाई सुधार गर्ने उद्देश्यसमेत लिएको छ ।

आयोजनाको कुल लागत ८ करोड डलर रहेको छ, जसमध्ये अन्तर्राष्ट्रिय विकासका लागि तेल निर्यातक राष्ट्रहरूको संगठन (ओपेक) कोषले जनसार्वजनिक निर्माणका लागि १ करोड डलर लगानी गर्नेछ भने सरकारको योगदान १ करोड ४८ लाख डलर रहनेछ ।

सन् २०१२ डिसेम्बरसम्म चल्ने यस आयोजनाको कार्यान्वयन भौतिक योजना तथा निर्माण मन्त्रालयले गर्नेछ ।

# दक्षिण एसियाका लागि अष्ट्रेलियाद्वारा अनुदान कोषको स्थापना

अष्ट्रेलिया सरकारले दक्षिण एसियामा विकास आयोजना सञ्चालन गर्न १ करोड १० लाख अष्ट्रेलियन डलर (८५ लाख अमेरिकी डलर) को प्रारम्भिक पुँजीसहित एसियाली विकास बैंक (एडीबी) मा अनुदान सहायता कोष खडा गरेको छ ।

अष्ट्रेलिया-एडीबी दक्षिण एसिया विकास साझेदारी कोषले प्राविधिक सहायता, लगानी आयोजनाअन्तर्गतका विभिन्न कार्यक्रम तथा अनुदान कार्यहरूमा सहयोग गर्नेछ ।

कोषअन्तर्गत अफगानिस्तान, बंगलादेश, भुटान, भारत, मालदिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाले सहायता प्राप्त गर्न सक्नेछन् ।

सहायताका लागि योग्य कार्यक्रमहरूमा शासकीय सुधार कार्यक्रम (खासगरी स्थानीय स्तरमा) जस्तै, विकेन्द्रीकरण र सेवा प्रवाहको अधिकार प्रत्यायोजनमा सहायता, शहरी विकासका उद्देश्यलाई सम्बोधन गर्ने कार्यक्रम जस्तै, पूर्वाधार विकासका लागि नगरपालिकाको लगानी र सरकार-निजी क्षेत्र साझेदारीको स्थापना, समावेशी आर्थिक वृद्धिको प्रवर्द्धन, मानव संशाधन विकास (खासगरी सामाजिक तथा अन्य सेवा प्रवाहको क्षेत्रमा) र क्षेत्रीय समन्वय तथा ऐक्यबद्धताको प्रवर्द्धन रहेका छन् ।

'दक्षिण एसियाले सामना गरेका प्रमुख विकास चुनौतीहरूलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने उच्चस्तरीय सिर्जनशील प्रयासहरूलाई यसले अत्यन्त लचकतासाथ सहयोग गर्नेछ', एडीबीको दक्षिण एसिया विभागका महानिर्देशक कुनियो सेन्गाले भन्नुभयो- 'यसले राम्रो सेवा प्रणाली विकास गर्ने आयोजनाहरू पनि कार्यान्वयन गर्नेछ, जसले स्थानीय सेवा प्रवाह र तल्लो तहसम्मका मानिसहरूको जीवनयापनमा सुधार ल्याउनेछ ।'

एडीबीको नियन्त्रणमा रहने यो कोष सन् २०११ सम्म ५ वर्षका लागि सञ्चालन हुनेछ । अष्ट्रेलिया सरकारको ईच्छाअनुसार यसको समय बढाउन सकिन्छ ।

# नेपालद्वारा आईसीटी विकास आयोजना सुरु

नेपालले एसियाली विकास बैंक (एडीबी) को प्राविधिक सहायताअन्तर्गत सूचना तथा सञ्चार प्रविधि (आईसीटी) विकास आयोजना सुरु गर्दैछ । ६ लाख अमेरिकी डलरको यस प्राविधिक सहायताले देशको आर्थिक वृद्धि र गरिबी निवारणमा सहायता गर्ने लगानी आयोजना तयार पार्न सरकारलाई सहयोग गर्ने उद्देश्य लिएको छ ।

आयोजनाले विद्युतीय-शासनसम्बन्धी गुरूयोजनाले पहिचान गरेको मार्गचित्रका आधारमा आईसीटीको पहुँच विस्तार र विद्युतीय-शासन कार्यक्रमको कार्यान्वयनका लागि कानुन, नियमन तथा संस्थागत संरचना तयार पार्न खोजेको छ । यसले आईसीटी पूर्वाधार व्यवस्थापन तथा विद्युतीय-शासनसम्बन्धी कार्यक्रममा नेपालको संस्थागत तथा मानव संशाधन क्षमतासमेत बढाउनेछ ।

एडीबीको दक्षिण एसिया विभागका प्रमुख वित्तीय विशेषज्ञ डोङ-सु प्योका अनुसार यस आयोजनाले दुर्गम ग्रामीण क्षेत्रमा आईसीटीको पहुँच विस्तार गर्न लगानी आयोजना तयार पार्नुका साथै छानिएका विद्युतीय-शासन कार्यक्रमको ढाँचा तयार पार्ने र आईसीटीको पहुँच विस्तार गरी छानिएका विद्युतीय-शासन कार्यक्रम कार्यान्वयन गर्न कानुन, नियमन तथा संस्थागत संरचना तयार पार्नेछ ।

आयोजनाको कुल लागत ७ लाख २५ हजार अमेरिकी डलर रहेको छ, जसमध्ये नेपाल सरकारले १ लाख २५ हजार डलर लगानी गर्नेछ । सन् २००७ फेब्रुअरीमा सम्पन्न हुने यस आयोजनाको कार्यान्वयन उच्चस्तरीय सूचना प्रविधि आयोगले गर्नेछ । ■

## आयरल्यान्ड : एडीबीको ६६ औं सदस्य

आयरल्यान्ड २०६३ साउन ८ गतेदेखि एसियाली विकास बैंक (एडीबी) को पूर्ण सदस्य बनेको छ । यसले १२ हजार ४० पुँजीगत सेयर खरिद गरेको छ । एडीबीको अधिकृत पुँजीगत सेयर ३५ लाख ३४ हजार २ सय ३० छ । ■

### नियोगका कर्मचारीको समाचार



२०६३ असोज ९ गतेदेखि **स्मिता ज्ञवाली** सहायक आयोजना विश्लेषकका रुपमा नेपाल आवासीय नियोगमा आबद्ध हुनुभएको छ । उहाँले एडीबीको सहायतामा सञ्चालित आयोजनाहरूमा विश्लेषणात्मक र तथ्यांकीय सहायता प्रदान गर्नुका साथै सञ्चालन र प्रशासनिक कार्यहरूमा सहयोग गर्नु हुनेछ । नियोगमा आउनुअघि उहाँले अमेरिकाको बोस्टनस्थित प्रिभेन्टिभ मेडिसिन एसोसियट्समा सञ्चालन प्रबन्धकका रुपमा काम गर्नुभएको थियो । उहाँले अमेरिकाको व्हिलिङ जेसुइट विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर गर्नुभएको छ । ■

# नेपालद्वारा कार्यक्रम कार्य-सम्पादनको समीक्षा

नेपाल सरकारले २०६३ साल असोज २२ देखि २६ गतेसम्म एसियाली विकास बैंक (एडीबी), विश्व बैंक र जापान अन्तर्राष्ट्रिय सहयोग बैंकसँग मिलेर नेपालमा सञ्चालित विकास कार्यक्रमहरूको कार्य-सम्पादन समीक्षा गर्‍यो ।

यसअन्तर्गत प्रमुख परिसूचकहरूका आधारमा सन् २००५ को कार्य-सम्पादन परीक्षण गर्नुका साथै कार्यक्रमलाई सुदृढ तुल्याउन सरकारी नीति तथा प्रक्रियासम्बन्धी बहस, राष्ट्रिय रणनीति तथा कार्यक्रमको संरचना र त्यसमा गरिनुपर्ने समायोजनबारे छलफल, २००५ को कार्य-सम्पादन समीक्षा कार्ययोजनामा भएका प्रगतिको विश्लेषण तथा समीक्षाको परिणाम झल्काउने कार्ययोजना तर्जुमा गरिएका थिए ।

विगतको तुलनामा यस वर्षको समीक्षा वृहत् थियो । कार्यक्रमको कार्य-सम्पादनमा असर पारेका विषयहरू पहिचान गर्नुका अतिरिक्त समीक्षाले क्षेत्रगत नतिजा विवरण (Sector results profile) र सरकारको गरिबी निवारण रणनीतिमा आधारित राष्ट्रिय रणनीति तथा कार्यक्रम संरचनासँग त्यसको सम्बन्धमा पनि छलफल गरिएको थियो । समीक्षाले एडीबीको सहायतामा सञ्चालित कार्यक्रमहरूको सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन सात प्राथमिक क्षेत्रका लागि क्षेत्रगत नतिजा विवरण तयार पारेको थियो । एडीबी प्रधान कार्यालयबाट आएका सहकर्मीहरूले समीक्षामा भाग लिएर क्षेत्रगत नतिजा विवरण तयार पार्न सहयोग गरेका थिए । ■




**कार्यक्रम समीक्षा** सरकार र विकास नियोगका प्रतिनिधिहरू सन् २००५ को कार्य-सम्पादन परीक्षण गर्दै ।



**गरिबको हितमा** गरिब नेपाली जनताको राम्रो जीवनयापन सुनिश्चित गर्न विकास साझेदारहरू संयुक्त रुपमा काम गरिरहेका छन् ।

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

**२३ असार, राष्ट्रिय योजना आयोगको विकास नतिजाहरूको व्यवस्थापन ।** आयोगका पूर्व सदस्य तथा हाल एडीबीका परामर्शदाता डा. चम्पक पोखरेलले नेपालमा विकास नतिजाको व्यवस्थापनलाई संस्थागत रुप दिनमा भएका प्रगतिहरूबारे छलफल गर्नुभयो ।

**१९ साउन, नेपालमा सञ्चालित एडीबीका कार्यक्रमहरूका लागि नतिजा अनुगमन संरचना ।** एडीबीका परामर्शदाता विनोद श्रेष्ठले राष्ट्रिय क्षेत्रगत प्रगति विवरण तयार पार्न एडीबीको नेपाल आवासीय नियोगका कर्मचारीहरूसँग छलफल गर्नुभयो । केही निश्चित क्षेत्रहरूको वार्षिक प्रगति विश्लेषण गर्न यो विवरण तर्जुमा भइरहेको छ । उहाँले नमूनाका रुपमा नेपालको यातायात क्षेत्रको विवरण प्रस्तुत गर्नुभयो ।

**२६ साउन, एडीबीका आयोजनालाई परामर्श सेवा प्रदान गर्ने ।** सोसाइटी अफ कन्सल्टिङ, आर्किटेक्चरल एन्ड इञ्जिनियरिङ फर्मका अध्यक्ष केशव कुँवर र उहाँको समूहले परामर्श सेवासम्बन्धी मुद्दा र चुनौतीबारे छलफल गर्नुका साथै सोसाइटीले सुरु गरेका प्रयासहरूबारे जानकारी दिनुभयो । नेपाल आवासीय नियोगले गोष्ठीमा छलफल भएका विषयका आधारमा आन्तरिक परामर्श सेवाको प्रभावकारिता सुधार गर्न 'चेकलिस्ट' तयार पारेको छ । चेकलिस्टको कार्यान्वयनमा भएका प्रगति समीक्षा गर्न आगामी मंसिर २९ गते सोसाइटीसँग मिलेर अर्को गोष्ठी आयोजना हुँदैछ ।



**विकास नतिजाहरूको व्यवस्थापन** डा. चम्पक पोखरेल र नियोगका परामर्शदाताहरू नेपालको विकास नतिजाको व्यवस्थापनलाई संस्थागत रुप दिनमा भएका प्रगतिहरूबारे छलफल गर्दै ।



**नतिजा अनुगमन संरचना** नियोगका कर्मचारीहरू राष्ट्रिय क्षेत्रगत नतिजा विवरणको तयारीका लागि छलफल गर्दै ।



**क्षमता विकास** सरकारी निकायका लैङ्गिक स्रोत व्यक्तिहरू लैङ्गिक क्षमता विकास कार्यशालामा सहभागी हुँदै ।

**६ भदौ, नेपालमा द्वन्द्व रुपान्तरण र ग्रामीण लगानी कार्यक्रमका चुनौतीहरू ।** नेपाल आवासीय नियोगका परामर्शदाता डा. प्रकाश महतले विगतका प्रजातान्त्रिक सरकारको सफलता र असफलतामा प्रकाश पार्दै शान्ति प्रक्रियामा रहेका अवरोधहरूको चर्चा गर्नुभयो । उहाँले द्वन्द्व रुपान्तरणका लागि समावेशी प्रयासमा जोड दिनुभयो ।

**१६ भदौ, स्वस्थ मुटुसम्बन्धी सरोकार ।** नर्भिक अस्पतालका कार्यकारी निर्देशक डा. भरत रावतले नेपाल आवासीय नियोगका कर्मचारीहरूका लागि गर्नुभएको प्रस्तुतिमा तनावपूर्ण स्थितिमा काम गर्ने व्यक्तिहरूले मुटुसम्बन्धी रोगहरूबाट बच्न अपनाउनुपर्ने सतर्कताहरूबारे चर्चा गर्नुभयो ।

**६ असोज, थोक लघुवित्त कर्जा प्रदायकका रुपमा ग्रामीण लघुवित्त विकास केन्द्रको विकास ।** नेपाल आवासीय नियोगमा प्रशिक्षार्थीका रुपमा कार्यरत फ्रान्चेस्का माजोराले ग्रामीण लघुवित्त विकास कार्यक्रमले सामना गरेका चुनौतीहरूमा प्रकाश पार्दै आफ्ना अध्ययनका निष्कर्षहरू प्रस्तुत गर्नुका साथै यसको भावी विकाससम्बन्धी सुझाव दिनुभयो ।

**५-६ भदौ, लेखापरीक्षण कार्यशाला ।** कार्य दक्षता र पारदर्शितामा सुधार ल्याएर एडीबीका आयोजनाहरूको वित्तीय व्यवस्थापन सुदृढ तुल्याउन महालेखापरीक्षकको कार्यालयले एडीबीको सहायतामा एक कार्यशाला आयोजना गऱ्यो । महालेखापरीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय र एडीबीका सबै आयोजनामा कार्यरत लेखापरीक्षक समेतगरी ३२ जना सहभागीहरूले उक्त दुईदिने कार्यशालामा भाग लिएका थिए ।

**२-४ असोज, लैङ्गिक क्षमता विकास कार्यशाला ।** एडीबी र सामान्य प्रशासन मन्त्रालयले कृषि, शिक्षा र सामान्य प्रशासनका लागि लैङ्गिक रणनीति पारित पार्न कार्यशाला आयोजना गऱ्यो । कार्यशालामा ३५ जना सहभागीहरूले भाग लिएका थिए ।

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस्: http://www.adb.org/nrm ■


**समाचार नेपालबाट**

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
पोष्ट बक्स ५०१७
काठमाडौं, नेपाल ।
फोन: +९७७ १ ४२२ ७७७९
फ्याक्स: +९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.adb.org/nrm
राष्ट्रिय निर्देशक: सुल्तान हाफिज रहमान